नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मोरङ

विराटनगर

☎ ०२१-५२५४२१ / ०२१-५७६५०८

प.सं.:(स्थानीय प्रशासन)/०८३/०८४
च.नं. 2684

मिति : २०८३/०६/१२
ने.सं : ११४६

विषय : जानकारी गराउने सम्बन्धमा।

श्री मोरङ जिल्ला स्थित स्थानीय तह,
सबै।

प्रस्तुत विषयमा मिति २०८३/०६/१२ गते यस कार्यालयबाट जारी भएको संस्था नवीकरण तथा दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सो सम्बन्धमा संस्था दर्ता ऐन, २०३४ तथा नियमावली २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, मोरङमा दर्ता भएका तहाँ स्थानीय तहमा रहेका संस्थाहरुलाई उक्त सूचना जानकारी गराइदिनुहुन आदेशानुसार अनुरोध छ ।

(सन्तोष घिमिरे)
प्रशासकीय अधिकृत
**प्रशासकिय अधिकृत**

लेटाङ नगरपालिका
दर्ता नं 530
दर्ता मिति 2083106193

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, मोरङ
☎ ०२१-५२१४२१
०२१-५७६५०८

पत्र संख्याः २०८३।०८४
च.नं.

मितिः २०८३।०६।१२

विषयः संस्था नवीकरण तथा दर्ता सम्बन्धी अत्यन्त जरुरी सूचना।

प्रस्तुत विषयमा संस्था दर्ता ऐन, २०३४ तथा संस्था दर्ता नियमावली, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय, मोरङमा करिब ४६०० संख्याको हाराहारीमा संस्थाहरु दर्ता भएको यस कार्यालयको अभिलेखबाट देखिन्छ। यसरी दर्ता भएका संस्थाहरुमा केही संख्याका संस्थाहरु विगत पाँच वर्षभन्दा बढी अवधिदेखि नवीकरण नैं नभएको तथा केही संख्याका संस्थाका अभिलेखहरु मिति २०८२ साल भदौ २४ गतेको जेनजी प्रदर्शनका क्रममा भएको आगजनी तथा तोडफोडका क्रममा नष्ट समेत भएको पाइएको छ।

संस्था दर्ता ऐन तथा नियमावली बमोजिम निश्चित उद्देश्यका साथ स्थापित संस्थाहरुले उद्देश्य अनुरुप कार्य गरे/नगरेको सम्बन्धमा कार्यालयबाट निगरानी गर्ने विभिन्न तरिकाहरुमध्येको प्रमुख तरिका संस्था नवीकरणका वखत् पेस हुने संस्थाको लेखापरीक्षण प्रतिवेदन लगायतका कागजातहरुको अध्ययन पनि एक हो। संस्था स्थापना हुने तर, नियमानुसार नवीकरणका लागि सम्पर्कमा नआउँदा संस्थाको समग्र गतिविधिप्रति अन्यौलता कायम हुने र नवीकरण दस्तुर वापत् सरकारलाई प्राप्त हुने राजस्व समेत समयमा नउठ्ने देखिएकाले यस किसिमका संस्थाहरुको विवरण तयार गरी संस्था दर्ताको अभिलेखमा शुद्धिकरण गर्न एवम् हालसम्म यस कार्यालयमा दर्ता भएका सबै संस्थाहरुको विवरण अद्यावधिक गर्नुपर्ने देखिएको छ।

संस्था दर्ता ऐन, २०३४ बमोजिम यस कार्यालयमा दर्ता भई विगत दुई वर्षभन्दा बढी अवधिदेखि नवीकरणका लागि सम्पर्कमा नआएका संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले दुई महिनाभित्र देहायमा उल्लिखित कागजात सहित सम्पर्क राख्न आउन हुन र, यसरी तोकिएको समयमा नवीकरणका लागि सम्पर्क राख्न नआउने संस्थालाई प्रचलित कानुन बमोजिमको कारवाही प्रकृया अघि बढाइने व्यहोरा समेत जानकारीका लागि आदेशानुसार अनुरोध छ ।

देहाय

साधारण सभाको माइन्युटको प्रतिलिपि, (सक्कल माइन्युट लिएर उपस्थित हुने)
कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
अन्तिम लेखापरीक्षण प्रतिवेदन
संस्थाले संस्था नवीरण गर्ने भनी गरेको निर्णयको माइन्युटको प्रतिलिपि सहितको निवेदन
गत/विगत आर्थिक वर्षमा सम्पादन गरेको र चालु एवम् आगामी आर्थिक वर्षमा सम्पादन गर्ने कार्यको कार्ययोजना
सम्वन्धित स्थानीय तहवाट जारी भएको नवीकरण सिफारिस पत्र।

पुनश्चः माथि उल्लिखित कार्य सम्पन्न नभएसम्मका लागि यस कार्यालयबाट संस्था दर्ता गरी प्रमाणपत्र जारी नगरिने साथै, उक्त कार्य सम्पन्न भए पश्चात् नियमानुसार संस्था दर्ता गरी प्रमाणपत्र जारी गरिने कार्य सूचारु हुने व्यहोरा समेत यसै सूचना मार्फत् सम्वन्धित सबैको जानकारीका लागि आदेशानुसार अनुरोध छ।

२०८३/०६/१२
प्रमुख प्रशासकीय अधिकृत